"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**दमौली, तनहुँ**

**गण्डकी प्रदेश, नेपाल**

**२०७३**

पत्र संख्या : २०८२/०८३

चलानी नम्बर : १३३४

मिति : २०८२/०७/२

ने.सं.११४६ कछलागा ७, मंगलब

श्री सबै शाखा,

व्यास नगरपालिका, तनहुँ ।

बिषयः <u>निर्णय कार्यान्वयन गर्नु गराउनु हुन ।</u>

प्रस्तुत बिषयमा नेपाल सरकार अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मन्त्रिपरिषद्क
२०८२ असोज ५ गतेको निर्णयले स्थानीय तहमा स्वीकृत दरबन्दी भन्दा बाहेकका अस्थायी र करार कर्मचा
हटाउन, अनुत्पादक खर्च कटौती गर्न, आयोजनाहरुको पुनर्प्राथामिकीकरण गर्न र मितव्ययिता कायम गर्न लगायतक
यावत बिषयलेखी आएको व्यहोरा विधितै छ ।यस नगरपालिकाको असोज २२ को कार्यपालिका बैठकबाट उपरोत्त
सबै बिषय सम्वन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न समिति गठन गरी समितिले पेश गरेको प्रतिवेदन सुशास
समितिबाट पारित भइ नगर कार्यपालिकामा पेश भएकोमा स्वीकृत दरबन्दी भन्दा बाहिरका कर्मचारी *राजीनामा दि
अलग हुन चाहेमा यस नगरपालिकाको करार सेवाका कर्मचारी प्रोत्साहन सम्वन्धी कार्यविधि २०८० बमोजिमक
सुविधा उपलब्ध गराउने रसामी, भूमीशाखा, बालकल्याण, रुप, प्रधानमन्त्री रोजगार र जिसस तर्फबाट आएका*
***शुन्य सुत्केरी दर भएका स्वास्थ्य संस्थाका कर्मचारीलाई मार्ग प्रशस्त गर्न अनुरोध गर्ने*** भनी निर्णय गरेकाले २०८२
मंसिर १ गतेदेखी लागू हुने गरी त्यस शाखा अन्तरगत रहेका यस्ता कर्मचारीहरुलाई मार्ग प्रशस्त गर्न जानकारी
गराइ संघीय मन्त्रिपरिद र नगर कार्यपालिका बैठकको निर्णय/अर्थ मन्त्रालयको मिति २०८२।०६।०७ को पत्र,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२।०६।०८ को पत्र, अख्तियार दुरुपयोग
अनुसन्धान आयोगको मिति २०८२।०७।१६ को पत्रलाई उल्लेख गरी संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालयबाट पुनः मिति २०८२।०७।२१ गते प्रेषित यस मन्त्रालयको परिपत्रको अवहेलना गरी स्वीकृत दरबन्दी
वाहेकमा अस्थायी र करार कर्मचारीलाई निरन्तरता दिएको भन्ने सम्बन्धमा परेको उजुरी भनी लेखिएको पत्र र
विगत लामो समयदेखी महालेखाले यस्ता कर्मचारी हटाइ सुधार गर्न दिएको सुझाव लगायत उपरोक्त सबै
निर्णय/परिपत्र/सुझाबहरुको कार्यान्वयनमा सघाउ पुऱ्याउन अनुरोध गर्दछु।साथै नगर कार्यपालिकाकै निर्णय बमोजिम
अत्यावश्यक सेवा सञ्चालनका लागि विद्यमान संरचनामा संशोधन गर्नुपर्ने भए सुझाब पेश गर्नुहुन समेत जानकारी
गर्दछु। नगर कार्यपालिकाको निर्णय वेवसाइटबाट प्राप्त गर्नुहुन समेत जानकारी गर्दछु ।

सुकदेव लम्साल

प्रमुख प्रशासकीय अधिकृत



Phone No. 065-563162/563163, Fax No.: 977-65-563233 Email: vyasmunicipality@gmail.com Web:www.vyasmun.gov.np

"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**२२५औं नगर कार्यपालिका बैठकको निर्णय**

*"निर्णयनं. १२: प्रस्तावनं. १२ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका अन्तर्गतका संगठन संरचनामा रहेका अस्थायी, करार कर्मचारीको दरबन्दी र मितव्ययीता सम्बन्धमा अध्ययन समितिले तयार गरेको प्रतिवेदन सुशासन समितिले पारित गरी समिति मार्फत बैठकमा पेश हुन आएकोमा व्यापक छलफल गरियो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ आउनु पूर्व नियुक्त भएका कर्मचारीहरु, विभिन्न कार्यालयबाट समायोजन भई आएका करार सेवाका कर्मचारीहरु र नगरसभाले स्वीकृत गरेको दरबन्दी बमोजिमका र आन्तरिक स्रोतका कर्मचारीहरु गरी ११४ जना चौथो तह भन्दा माथिको दरबन्दी बाहिरका कर्मचारी रहेको यस अघि गरिएको संगठन संरचना स्वीकृत हुन बाँकी रहेको यस अघिको महालेखाको लेखापरीक्षण प्रतिवेदन समेतको अध्ययन, संघीय र प्रदेश ऐन समेतको प्रावधानको व्यवस्था एवं हालका जनप्रतिनिधि आउनु अघिनै नियुक्तभएका लामो समयसम्म कार्यरत कर्मचारीहरु समेत कार्यरत रहेको अवस्थामा विद्यमान संघीय सरकारको निर्देशनलाई मध्यनजर दिई राजीनामा दिइ अलग हुन चाहाने कर्मचारीलाई यस नगरपालिकाको करार कर्मचारीलाई उपलब्ध गराइने सुविधा सम्वन्धी कार्यविधि वमोजिमको सुविधा उपलब्ध गराउने, सामी, भूमीशाखा, बालकल्याण, रुप, प्रधानमन्त्री रोजगार र जिसस तर्फबाट आएका र शुन्य सुत्केरी दर भएका स्वास्थ्य संस्थाका कर्मचारीलाई मार्ग प्रशस्त गर्न अनुरोध गर्ने, आगामी नगरसभाबाट अनुमोदन हुने गरी अत्यावश्यक शाखा र वडामा प्रशासन सहायकको चौथो दरबन्दी परिवर्तन गरी कम्युटर अपरेटरको दरबन्दी कायम गर्ने अबआइन्दा अत्यावश्यक बाहेकको दरबन्दी सृजना नगर्ने, सबै पदहरुमा रिक्त रहेका स्वीकृत सबै तहको दरबन्दीमा पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगसँग माग गर्ने र अत्यावश्यक सेवा सञ्चालन गर्न आवश्यक कानून बमोजिम स्वीकृत हुन सक्ने गरी संगठन संरचना सम्बन्धी सर्वेक्षण प्रतिवेदन-२०८२, र भित्र पेश गर्न कार्यालयलाई निर्देशन दिने र आगामी नगरसभाबाट प्रतिवेदन बमोजिमको आवश्यक निर्णय लिने निर्णय गरियो।"*

..........................
(सुकदेव ...साल)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

श्री लेखा शाखा
व्यास नगरपालिका, तनहुँ :- मंसिर १ गतेदेखीको निजहरुको तलबभत्ता निकाशा नगर्नु नगराउनु हुन ।

श्री सुचना प्रविधि शाखा
व्यास नगरपालिका, तनहुँ:- वेवसाइटमा अपलोड गर्नुहुन ।

"भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं, सम्भावित प्रकोपबाट बचौं र बचाऔं"
Phone No. 065-563162/563163, Fax No.: 977-65-563233 Email: vyasmunicipality@gmail.com Web: www.vyasmun.gov.np